स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'हरिबहादुरको जुत्ता' आगामी फूलपातीमै रिलिज हुने भएको छ । सोमबार बाट फिल्म हल खुल्ने भएपछि निर्माण पक्षले फिल्मको रिलिज फूलपातीमै हुने जानकारी दिएको छ । "हरिबहादुरको जुत्ता" फूलपातीमै रिलिज गर्ने हाम्रो तयारी यथावत् छ", निर्माता सरोज वलीले भने, "हामीले फिल्मको प्रचार प्रसार समेत रोकेका छैनौं ।" दीपेन्द्र के. खनाल निर्देशित फिल्ममा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपुत, दिव्य देव, हरिहर शर्मा, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल लगायत कलाकारहरुको अभिनय छ ।

**आजको विचार...**



आन्दोलनपछि...
*(दुई पेजमा)*

धर्मेन्द्र झा



"माइतीघर"का निर्माता रोहित अधिकारीले सामाजिक सञ्जाल मार्फत फिल्म आगामी फूलपाती अर्थात् असोज १३ मै रिलिज हुने जनाएका छन् । मिलन तामाङको निर्देशनमा तयार भएको फिल्ममा रविन शेरचन र धिरज तामाङको पनि लगानी छ । ईश्वर श्रेष्ठ र नीरज कट्वाल फिल्मका कार्यकारी निर्माता हुन् । रोहित अधिकारीको प्रस्तुति रहेको फिल्ममा केदार घिमिरे, धिरज मगर, प्रकाश सपुत, उपासनासिंह ठकुरी, श्यामाश्री शेर्पा, बुद्धि तामाङ, युवराज लामा, शिशिर वाङ्देल, रजनी गुरुङ, सन्तोष शाही, फूलकुमार बमजन, संगीता थापा लगायतका कलाकारको अभिनय छ ।

❒ वर्ष ३१ ❒ अंक ६१ ❒ २०८२ भदौ ३१ गते मंगलबार 16 September 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# कार्की नेतृत्वको मन्त्रिपरिषद् विस्तार : बने रामेश्वर अर्थ, कुलमान उर्जा र ओमप्रकाश गृह मन्त्री

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ ३०/प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिपरिषद् विस्तार गरेकी छन् । उनले सोमबार तीन जना मन्त्री नियुक्त गर्दै मन्त्रिपरिषद् विस्तार गरेकी हुन् ।

रामेश्वर खनालले अर्थ मन्त्रालय, कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिंचाइह भौतिक पूर्वाधार तथा यातायातह सहरी विकास र ओमप्रकाश अर्यालले गृह कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

नवनियुक्त मन्त्रीलाई राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार शीतल निवासमा आयोजित विशेष समारोहमा शपथ गराएका छन् । राष्ट्रपति पौडेलले प्रधानमन्त्री कार्कीको सिफारिसमा भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिषद् गठन गरेका हुन् । नेपालको संविधान बमोजिम देहाय अनुसारको नियुक्ति, हेरफेर र



कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गरेका हुन् । योसँगै कार्कीको नेतृत्वको मन्त्रिपरिषद् चार सदस्यीय बनेको छ ।

कार्यविभाजन अनुसार प्रधानमन्त्री कार्कीले उद्योग, वाणिज्य तथा आपूर्तिह कृषि तथा पशुपन्छी विकासह खानेपानीह परराष्ट्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकह युवा तथा खेलकुद, रक्षा, वन तथा वातावरणह शिक्षा, विज्ञान तथा प्रविधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनह संघीय मामिला तथा सामान्य प्रशासनह सञ्चार तथा सूचना प्रविधि र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्हालेकी छन् ।

**को हुन् अर्थमन्त्री खनाल ?**

अर्थमन्त्री रामेश्वर खनाल एक कुशल पूर्वप्रशासक एवम् अर्थतन्त्रका जानकारकारुपमा परिचित छन् । २०१३ साल असारमा पाल्पाको तानसेनमा जन्मिएका उनी उनी यसअघि सरकारले बनाएको उच्चस्तरीय अर्थतन्त्र सुधार सुझाव आयोगको अध्यक्ष समेत थिए । खनाल नेतृत्वको आयोगले मुलुकको अर्थतन्त्र सुधारका लागि गत चैतमा मात्रै सुझाव प्रतिवेदन बुझाएको थियो । त्यसको पाँच महिना नबित्दै खनाल मुलुकको अर्थतन्त्र सुधारका लागि आफैँले दिएको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्न पुगेका छन् । निजामती सेवा करियरमा सरकारका विभिन्न पदमा ३१ वर्षभन्दा बढीको उनले काम गरेका छन् । सो अवधिमा आर्थिक सरकारी लेखापालना, कर नीति, र सार्वजनिक खरिद प्रणालीमा महत्वपूर्ण सुधारहरू सुरु गरी कार्यान्वयन गरेका छन् ।

नवनियुक्त अर्थमन्त्री खनालले पदभार ग्रहण गर्दै टुक्रे र प्राथमिकतामा नरहेका आयोजना बजेटबाट हटाउनेबारे अध्ययन गर्न कार्यदल गठन गर्ने पहिलो निर्णय गरेका छन् । उनले राजनीतिक दबाबमा बजेटमा परेका, तयारी नभएका र टुक्रे आयोजना कटौती गर्ने हो भने करिब रु एक खर्ब स्रोत जुटाउन सकिने बताए । कर्मचारीहरुलाई निर्देशन दिँदै उनले छ महिनाभित्र निर्वाचन गर्नुपर्ने अवस्था, पुन:निर्माणलगायतका कामका लागि बजेटमा परेका आयोजना फिल्टर तथा कार्यक्रम कटौती गरी स्रोत जुटाइने समेत बताए ।

**को हुन् ऊर्जामन्त्री कुलमान ?**

रामेछापको दुर्गममा जन्मिएका कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक हुन् । देशलाई लोडसेडिङबाट मुक्त गराएर सबैको घरमा उज्यालो भित्र्याउने अभियन्ताका रुपमा उनी सबै माझ परिचित छन् ।

...**बाँकी अन्तिम पेजमा**

## छुट्टाछुट्टै दुर्घटनामा आठ जनाको मृत्यु

**पाल्पा,** भदौं ३०/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा आठ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटना, करेन्ट लागेर र अन्य कारणले गरी आठ जनाको मृत्यु भएको हो ।

सवारीदुर्घटनबाट काठमाडौं, सिराहा र सप्तरीमा तीन जनाको ज्यान गएको छ । काठमाडौं महानगरपालिका-१६ बनस्थली चोकस्थित सडकमा टिपरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा ललितपुर सातदोबाटोका ३१ वर्षीय मनिष केसी रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिएण्डबी अस्पतालमा थप उपचारको क्रममा सोमबार बिहान मृत्यु भएको हो । हाल फरार टिपर चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै सिराहाको सिरहा नगरपालिका-३ मखनाहाचोक स्थित सडकमा मोटरसाइकल दुर्घटना




हुँदा एक जनाको मृत्यु भएको छ । माडरबाट सिराहातर्फ आउँदै गरेको बीआर ३२ एल ६८५१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक हाल नाम, थर र वतन नखुलेका अन्दाजी ३० वर्षीय पुरूषको मृत्यु भएको हो । यस्तै सप्तरीको सुरूङ्गा नगरपालिका-५ स्थित सडकमा कुशाहाबाट कदमाहातर्फ आउँदै गरेको मधेश प्रदेश ०१-००५ प ५५११ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही नगरपालिका-९ परमानपुर बस्ने ३० वर्षीय अनिल कुमार चौधरीको मृत्यु भएको छ। ...**बाँकी अन्तिम पेजमा**

## संक्षिप्त समाचार

### बङ्गलादेश सुधार चार्टरमा सहमति, कार्यान्वयनमा मतभेद

(रासस/एएफपी)

**ढाका,** भदौ ३०/बङ्गलादेशको अन्तरिम सरकारले सोमबार राजनीतिक दलहरू व्यापक सुधार चार्टरमा सैद्धान्तिक रूपमा सहमत भएको तर कार्यान्वयन प्रक्रियामा मतभेद देखिएको बताएको छ । सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहबाट प्रधानमन्त्री शेख हसिना अपदस्थ भएपछि १७ करोड जनसङ्ख्या भएको देश गम्भीर राजनीतिक उथलपुथलमा परेको थियो । अन्तरिम नेता मुहम्मद युनुसले सोही विद्रोहपछि तयार गरिएको २८ पृष्ठको 'जुलाई चार्टर' लाई समर्थन गरेका छन् ।यसमा प्रधानमन्त्रीलाई दुई कार्यकालसम्म सीमित गर्ने र राष्ट्रपतिको अधिकार विस्तार गर्ने प्रस्ताव समावेश छन् । सहमति आयोगका उपाध्यक्ष अली रियाजले करिब ३० दलसँग वार्ता गरेका छन् । आइतबार सम्पन्न दोस्रो चरणको वार्तापछि उनले भने,'राजनीतिक दलहरू ८४ वटा सुधार प्रस्तावमा सहमत छन् । केही असहमति मात्र छन् । अहिले विवादको मुख्य विन्दु तिनीहरूलाई कार्यान्वयन गर्ने तरिका हो ।' मुख्य विवाद चार्टरको कानूनी आधारलाई लिएर हो । आलोचकहरूले फेब्रुअरीमा हुने चुनाव नभएसम्म यसले संविधानलाई ओभरराइड गर्न नसक्ने बताएका छन् ।

## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत जानकारी (जस्तै: OTP, पासवर्डर बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं,
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं,
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## ओजोन तह संरक्षणमा ध्यान देऊ

**पृथ्वीको वातावरणीय तहमाथि करिब १५ देखि ३० किमीमाथि रहेको ओजोन एउटा रक्षात्मक कवच हो । जसले सूर्यका हानिकारक किरणलाई पृथ्वीमा सिधै छिर्नबाट रोक्छ । विभिन्न मानवीय क्रियाकलापले गर्दा अव्यवस्थित औद्योगिकीकरण, ज्यादा रसायनको प्रयोगले ओजोन तहहरुमा हानि पुगी विनाश हुन थालेको छ । सो न्यूनीकरणका लागि विश्व ओजोन तह बचाउ दिवस सन् १९९५ देखि मनाउँदै आएको हो । यो १६ सेप्टेम्बरमा मनाइन्छ । यस वर्षको दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।**

**ग्लोबल वार्मिङका कारण पृथ्वीको तापमान बढ्दै गएकोमा विश्व समुदाय चिन्तित भइरहेकै बेला यो दिवस मनाइँदै छ । हरेक वर्ष दिवस मनाइए पनि ओजोन तह संरक्षणमा भने खासै ध्यान दिइएको पाइदैन । पृथ्वीमा कार्बनको मात्रा बढ्दै गएको छ भने ओजोनको तह पातलिँदै गएको छ । जसले गर्दा खतराको अवस्था सिर्जना हुने तर्फ वैज्ञानिकहरुले चिन्ता प्रकट गर्नुलाई अन्यथा लिनु हुँदैन । जलवायु परिवर्तनका कारण आज सिंगो पृथ्वी जुन अवस्थामा छ, अन्तिम समयसम्म पनि त्यस्तै नरहला भन्न सकिदैन । त्यसैले यसतर्फ समयमै सबैले सोच्नुपर्दछ । क्लोरोभ्लोरो कार्वन, मिथाइल, ब्रोमाइड, कार्वन टेट्रोक्लोराइड जस्ता क्लोरिन, ब्रोमिन तथा अक्साइड रेडिकल भएका झण्डै ९४ वटा रसायनहरु ओजोन तह विनाशका लागि जिम्मेवार छन् । यसबाट ओजोन तहको विनाश त हुन्छ नै त्यसभन्दा बढी र ठूलो मूल्य पृथ्वीले चुकाइरहनुपरेको छ । जसले, गर्दा त्यसको असर मानवजातिमा मात्र होइन पारिस्थितिक प्रणालीमा नै परेको छ । तसर्थ ओजोन तह संरक्षणका लागि, चेतना जगाउनु, क्लोरोभ्लोरो कार्वन उत्पादन र यसको प्रयोग गर्न निरुत्साहित गर्नु जस्ता कार्य गर्नु अहिलेको आवश्यकता हो । त्यसतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

मेरो देश, मेरो गर्व
एकता र प्रेमले मात्र हाम्रो मातृभूमि बलियो हुन्छ ।
देशप्रेम फदयबाट महसुस गरौं, शब्दबाट होइन ।
*(आशिष पाठकको फेसबुक स्टाटसबाट www.facebook.com/asisa.pathaka.931204)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आन्दोलनपछि बनेको सरकारको जिम्मेवारी र लोकदायित्व



**धर्मेन्द्र झा**

*जनताका चुलो निकै महँगो भएको छ । कृत्रिम अभावले जनतालाई असुविधा भएको छ । जनताका दैनिकीदेखि प्रशासनिक जिम्मेवारी र निर्वाचन सम्पन्न गराउनुपर्ने गहन दायित्व वर्तमान सरकारको काँधमा छ । आन्दोलनमा ध्वंस भएका संरचनाहरुको पुन:निर्माणदेखि निर्वाचनको तयारी गर्नुपर्नेछ । त्यसैले आगामी छ महिनामा के के गर्ने हो ? प्राथमिकताका आधारमा रोडम्याप तयार गर्नु सर्वाधिक ठूलो चुनौती रहेको छ ।*

विषम परिस्थितिका बीच नेपालको इतिहासमा प्रथम महिला प्रधानमन्त्रीका रूपमा पूर्वप्रधानन्यायधीश सुशीला कार्कीले पदभार ग्रहण गरेकी छन् । यही भदौ २३ र २४ गतेको युवा केन्द्रित आन्दोलनपछि देशमा विकसित नयाँ परिस्थितिको परिणामस्वरुप कार्की प्रधानमन्त्रीको दायित्व निर्वाह गर्नुपर्ने अवस्थामा पुगेकी हुन् । उनलाई बधाई । सविधान जोगाउने भगिरथ प्रयत्नका लागि राष्ट्रपतिप्रति आभार । यो अवस्थालाई सूक्ष्म अध्ययन गरी आन्दोलनलाई लामो समयसम्म जानबाट रोक्न नेपाली सेना सक्षम भएको छ । राजनीतिक निकासका लागि सहजीकरण गर्ने सेनाप्रमुख अशोकराज सिग्देललगायत नेपाली सेनालाई धन्यवाद दिनैपर्छ । जेनजी (जेनजेड) आन्दोलनका रूपमा स्थापित यो आन्दोलन भविष्यमा यही नामले चर्चित हुनेछ । आन्दोलनको राप र तापले स्थापित वर्तमान सरकारको काँधमा स्वाभाविक रूपमा गहन जिम्मेवारी आएको छ । यो सरकारसामु सबैभन्दा ठूलो कार्यभार छ–लोकतान्त्रिक प्रक्रिया सुनिश्चित गरी संवैधानिक सर्वोच्चता कायम गर्दै निर्धारित समय (फागुन २१) मा निर्वाचन सम्पन्न गर्नु । निश्चय पनि यसका लागि अनुकूल वातावरणको निर्माण अपरिहार्य छ । आन्दोलनले कल्पेको आकाँक्षाको पृष्ठभूमिमा आगामी छ महिनाभित्र गर्न सकिने र गर्नुपर्ने कार्यको छोटो सूची तयार गरी कार्यान्वयनमा उत्रिनु सम्भवत: सरकारको सबैभन्दा ठूलो चुनौती हो ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको घोषणा भइसकेको सन्दर्भमा वर्तमान सरकारसँग काम गर्ने समय अत्यन्त कम छ भने गर्नै पर्ने काम धेरै छन् । नेपालीका महान् चाडपर्व मुखैमा आएका छन् । यसले झण्डै एक महिनासम्म कामको गति सुस्त बनाउँछ नै । जनताका चुलो निकै महँगो भएको छ । कृत्रिम अभावले जनतालाई असुविधा भएको छ । जनताका दैनिकीदेखि प्रशासनिक जिम्मेवारी र निर्वाचन सम्पन्न गराउनुपर्ने गहन दायित्व वर्तमान सरकारको काँधमा छ । आन्दोलनमा ध्वंस भएका संरचनाहरुको पुन:निर्माणदेखि निर्वाचनको तयारी गर्नुपर्नेछ । त्यसैले आगामी छ महिनामा के के गर्ने हो ? प्राथमिकताका आधारमा रोडम्याप तयार गर्नु सर्वाधिक ठूलो चुनौती रहेको छ । अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउनु सबैको कर्तव्य समेत हुन आउँछ । झट्ट हेर्दा दुई दिन मात्र चलेको यो आन्दोलनले अत्यन्त महत्वपूर्ण सन्देश दिएको छ । यो सामग्री तयार पारुन्जेल ७१ जनाले शहादत दिएको यो आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भएको छ । आन्दोलनका क्रममा भएको तोडफोड र क्षतिका आकलन र त्यसको सम्बोधन महत्वपूर्ण छ । सार्वजनिक संरचनाहरुको पुन:निर्माण तत्काले गरी जनतालाई नियमित सेवा प्रदान गर्नु यो सरकारका सामु उपस्थित महत्वपूर्ण चुनौती हो । आन्दोलनका क्रममा सरकारी मात्र नभई निजी सम्पत्तिको पनि ठूलो नोक्सानी भएको छ । यस परिस्थितिमा शान्तिसुरक्षा बहाल गरी निर्भयका साथ देश र जनतालाई आफ्नो दैनन्दीमा फर्काउनु जरुरी छ । कार्यभार सम्हालेसँगै सरकारले आमजनता र आन्दोलनकर्मीलाई सम्बोधनको कार्य प्रारम्भ गरिसकेको छ, जो सकारात्मक छ । यसमा आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिलाई सहिद घोषणा गर्नाका साथै उनीहरुका परिवारलाई जनही रु १० लाखका दरले क्षतिपूर्ति दिने, आन्दोलनका घाइतेको उपचार सरकारले गर्ने आदि निर्णय महत्वपूर्ण छन् ।

यस आन्दोलनको एउटा मुख्य माग मुलुकमा सुशासन कायम गर्ने भन्ने हो । यस आधारमा विगतमा भएका भ्रष्टाचार र अनियमितता तथा अकुत सम्पत्ति आर्जन गरेकामाथि कानुनी प्रक्रिया पूरा गरी कारबाही गर्नु सम्भवत: यो सरकारको मूल 'म्यान्डेट' हो । ढिलोचाँडो सरकारले यस कार्यको प्रारम्भ गर्ने अपेक्षा स्वाभाविक छ । भावी दिनमा राज्यले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गर्नेमा विमति छैन । सरकार यसमा निश्चय पनि अडिग रहनेछ । सबैभन्दा महत्वपूर्ण कुरा सरकारका पक्षमा विश्वासको माहौल तयार हुनु आवश्यक हुन्छ । हेक्का रहोस्, सरकारप्रतिको अविश्वासकै कारण मुलुकमा यति ठूलो परिवर्तन भएको हो ।

मुलुकको विषम परिस्थितिलाई सबै राजनीतिक दल र आम जनताले पनि गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ र सुशासन, भ्रष्टाचार निवारण, सार्वजनिक क्षेत्रमा पारदर्शितालगायत विषयका सन्दर्भमा हातेमालो सरकारसँग हातेमालो गर्नु आवश्यक छ । यस आन्दोलनमा उठान भएका विषय सामान्यतया हेर्दा युवा पुस्ताको आकांक्षाजस्तो देखिए पनि सारमा यी विषय सम्पूर्ण देशवासीको भावनासँग जोडिएका छन्, असङ्गत ठहर्दैन । विद्यमान अन्योलतालाई चिर्दै अगाडि बढ्नुपर्ने आम नेपालीको चाहनाबमोजिम संवैधानिक सर्वोच्चतालाई कामय राख्दै मुलुकमा शान्ति, सुव्यवस्था कायम गर्न सर्वपक्षीय योगदान र यसका लागि सार्थक संवादको वातावरण निर्माण अपरिहार्य छ । हक्की र दृढ निश्चयी स्वभावका प्रधानमन्त्रीको विगतको मूल्याङ्कनका आधारमा भन्ने हो भने सङ्क्रमण व्यवस्थापनको कार्य कठिन भए पनि उनी सफल हुने कुरामा विमति हुन सक्दैन । माथि पनि चर्चा गरियो, आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिका साथै विभिन्न उद्योगधन्दा र केही निजी सम्पत्तिमा समेत क्षति पुगेको छ । उनीहरुलाई पूर्ववत् व्यवसायमा फर्किन र लगानीका लागि उत्प्रेरित गराउन उत्तिकै आवश्यक छ । सार्वजनिक एवं निजी क्षेत्रका संरचना पुन:निर्माणका लागि खर्बौं लगानी आवश्यक पर्ने देखिन्छ । राज्यको स्रोतले मात्रै पुन:निर्माण गर्न सक्ने अवस्था नहुन सक्छ । अन्तरराष्ट्रिय सहयोग पनि आवश्यक पर्न सक्छ । यस्तै देशको अर्थ व्यवस्थाको एक मुख्य आधारका रुपमा स्वीकृत पर्यटनलाई पनि लयमा फर्काउनु उत्तिकै जरुरी छ । लगानीकर्ता त्रसित भइरहने स्थिति भए त्यसको गम्भीर असर रोजगारीसँगै स्वदेशी एवं विदेशी लगानीमा पर्ने हुँदा निजी क्षेत्रलाई निर्बाध रुपमा उद्योग व्यवसाय गर्ने वातावरण बनाउनु पनि कम चुनौतीपूर्ण छैन । वर्तमानको विश्लेषण गर्ने हो भने अहिले कुनै न कुनै रूपमा लोकतान्त्रिक संविधान जोगिएको छ र भावी दिनमा संविधानभित्रैबाट आन्दोलनलाई सम्बोधनको प्रयास हुनु अपेक्षित छ । राजनीतिक दल सरकारका कार्यशैलीबाट असन्तुष्ट जनताका अपेक्षाहरु वर्तमानमा निश्चय पनि फरक छन् । एउटा कुरा बुझ्नु जरुरी छ, अहिलेको आन्दोलनको नेतृत्व जेन्जी पुस्ताले गरेको भए पनि आन्दोलनलाई तिनका अभिभावकहरुको पनि उत्तिकै साथ र सहयोग रहेको छ । यो यथार्थ, आन्दोलनकारी, वर्तमान सरकार र दलहरुले आत्मसात् गर्नु आवश्यक छ ।

नेपालको राजनीतिक इतिहासललाई केलाएर हेर्ने हो भने कुनै पनि राजनीतिक प्रणाली लामो समयसम्म जनअनुमोदित हुन सकिरहेको पाइँदैन । जहिले पनि राजनीतिले जनआकाँक्षालाई राम्ररी सम्बोधन गर्न जालमाथि नसकेकै कारण छोटो छोटो समयमा कोल्टो फेर्ने गरेको देखिन्छ । राणा शासनको उदय हुनुमा पनि दरबारभित्रको खिचातानी, अविश्वास र प्रतिशोध मुख्य कारक थियो । २००७ सालमा प्रजातन्त्र आइसकेपछि पनि झण्डै १० वर्ष सङ्क्रमणमै बित्यो भने २०१५ सालमा जननिर्वाचित सरकारले दुई वर्ष पनि काम गर्न पाएन । २०१७ सालमा तत्कालीन राजा महेन्द्रले 'कू' गरी ल्याएको पञ्चायती शासनले तीस वर्षमा जनताका आवश्यकतालाई सम्बोधन गर्न सकेन । २०४६ सालको जनआन्दोलनले जनतालाई सार्वभौम सम्पन्न गराउनाका साथै प्रजातान्त्रिक अधिकारको सुनिश्चित त गर्यो तर यो पनि आरोपित नभई रहन सकेन । २०६२/६३ को आन्दोलनले सैय लोकतान्त्रि गणतन्त्र स्थापित त गर्यो तर यसले जनताको आकांक्षा सम्बोधन गर्न नसकेको र भ्रष्टाचार बढाएको आरोप खेप्नपर्यो र २०८२ मा जेनजी आन्दोलनले आकार ग्रहण गर्यो । नेपालको राजनीतिक परिदृश्यमा पछिल्लो समय देखिएको अस्थिरता, सुशासनमा कमजोरी र दलको नेतृत्वप्रति बढ्दो अविश्वासले नागरिकमा असन्तुष्टि चुलिँदो थियो । २०४६ सालको परिवर्तनपछि देखिएका अनुहार नै निरन्तर लामो समयसम्म जनताले बेहोर्नुपर्ने जनताले शायद रुचाएनन् र जेनजी आन्दोलनका रुपमा त्यो असन्तुष्टि अभिव्यक्त हुन पुग्यो । अभिव्यक्तिकै कुरा गर्दा आगोमा घीउ थप्ने कार्य गर्यो सामाजिक सञ्जालमाथिको नियन्त्रणको प्रयासले । यस अवस्थामा नयाँ पुस्ता, जो आफूहरुको अभिव्यक्तिको मुख्य माध्यम यही सञ्जाललाई मान्दछ, जनतामा वितृष्णा उत्पन्न हुनु अस्वाभाविक थिएन । जनसंख्यामा ठूलो हिस्सा युवा पुस्ताको रहे पनि सबै राजनीतिक पार्टीमा उनीहरुको भूमिकाको खोजी गरिनुको सट्टा उनीहरुका आवाजलाई दबाउने वा निस्तेज पार्ने काम स्वयं पार्टी नेतृत्वबाट भएको बुझाइका आधारमा युवामा विद्रोहको चेतनाको विस्तारको अवस्थामा आन्दोलनको प्रस्फुटन अवश्यम्भावी नै थियो । यस्तै राजनीतिबाट टाढा रहेकोजस्तो देखिने युवाहरु स्वदेशमै अवसर नदेखेपछि दिनहुँ हजारौंको सङ्ख्यामा विदेसिनु पर्ने अवस्थाले परिवार र समाजमा असन्तुष्टिको भाव बढ्न थालेको थियो, जसलाई शासनले सम्बोधन गर्न सकेको थिएन, यो सत्य हो ।

आन्दोलनले जहिले पनि शक्ति संरचनालाई चुनौती दिने अपेक्षा गरिन्छ । आन्दोलन व्यक्तिहरुको दमित इच्छा र आकांक्षा प्रकटीकरणको माध्यम हो । अन्यायविरुद्ध व्यक्तिहरूको संयुक्त अभियान पनि हो । जहाँ आन्दोलनकारीहरूले आफ्नो शक्ति र नेतृत्वलाई एकीकृत गर्दै परिवर्तनका लागि मुद्दाको छनोट गरी त्यसको प्राप्तिका लागि एक निश्चित समयावधिसम्म सामूहिक भूमिका निर्वाह गर्छन् । आन्दोलनको महत्व, अन्यायका सूचकहरूमा मात्र सीमित नभई त्यसको जरासम्म पुग्ने व्यक्तिहरूको, प्रतिबद्धतामा निर्भर गर्दछ । परिवर्तनको लक्ष्य दीर्घकालीन हुन्छ । परिवर्तन जसलाई चाहिएको छ तिनै सरोकारवाला व्यक्तिहरूले आन्दोलनको नेतृत्व गर्ने र निर्देशन दिने गर्दछन् । नेपालमा भएको यो पछिल्लो आन्दोलनलाई पनि त्यही अर्थमा बुझिनु उचित हुन्छ । आन्दोलनले आफ्नो आकांक्षा सम्बोधन गर्ने पात्रका रुपमा प्रधानमन्त्री कार्कीलाई स्वीकार गरेको छ । कार्कीलाई निश्चय पनि असफल हुने छुट छैन । सँगै आन्दोलनको सन्देशलाई आत्मसात् गरी नेपालको नवनिर्माणमा जुट्नु लोकदायित्व हो । सबैले गम्भीर हुनु जरुरी छ ।

**(लेखक राससका कार्यकारी अध्यक्ष समेत हुन्) -रासस**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : योजनाहरू सार्वजनिक नगर्नुहोस् नत्र समस्यामा पर्न सक्नु हुन्छ। | **तुला** : वैदेशिक रोजगारमा सफलता कर्म प्रति रुचि बढ्नेछ । |
| **वृष** : शरीरमा आलस्य वा थकानको अनुभूति हुनेछ। | **वृश्चिक** : पर्यटकीय स्थलको भ्रमण हुनेछ । शुभ कार्यको चर्चा चल्नेछ । |
| **मिथुन** : प्रेमीको सहयोग प्राप्त हुनेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । | **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **कर्कट** : सवारी साधन चलाउँदा सावधान रहनुहोला। | **मकर** : परिवारमा मित्रको सहयोगले सोचेका काम बन्नेछन्। |
| **सिंह** : साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । सामाजिक कार्यमा रुचि बढ्नेछ। | **कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कन्या** : सामाजिक वा सांस्कृतिक समारोहमा सहभागी भइएला। | **मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ । |

## विज्ञान/सूचना प्रविधि

# वर्ल्डलिङ्कको सेवा देशभर सामान्य अवस्थामा फर्कियो

देशभर फैलिएको आन्दोलनका कारण केही स्थानमा अवरुद्ध बनेको रुवर्ल्डलिङ्कको इन्टरनेट सेवा पूर्ववत अवस्थामा फर्किएको छ । कम्पनीका अनुसार सामान्य मर्मतपछि इन्टरनेट सेवा देशभर सामान्य रूपमा सञ्चालनमा आएको हो । हालैका प्रदर्शनका क्रममा केही ठाउँमा सामान्य क्षति पुगे पनि ठुलो क्षति भने नभएको कम्पनीले जनाएको छ । मर्मत कार्य सम्पन्न भएपछि सेवा सुचारु गरिएको हो ।

**-रातोपाटी डटकम**

# भायानेटले सेवा सामान्य स्तरमा ल्यायो



भायानेटले इन्टरनेट र टेलिभिजन सेवा हाल सामान्य अवस्थामा फर्किएको जनाएको छ। यद्यपि सेवा अझै पूर्ण क्षमतामा पुगेको छैन । तर अधिकांश ग्राहकका लागि सेवा उपलब्ध भएको कम्पनीले जानकारी दिएको छ ।

बाँकी सर्भरहरू अर्को डाटा केन्द्रमा स्थानान्तरण पूरा भएपछि आइतबार, भदौ २९ गते भित्र सेवा पूर्ण रूपमा सुचारु हुने अपेक्षा गरिएको छ। यसबीच केही सेवामा सुस्तता आउन सक्ने चेतावनी दिइएको छ । भायानेटको ग्राहक मोबाइल अनुप्रयोग फेरि पूर्ण रूपमा सञ्चालनमा आएको छ भने, कल केन्द्र पनि बढाइएको क्षमतासहित सञ्चालनमा आइसकेको छ । जसले प्रयोगकर्तालाई छिटो सहयोग पुर्‍याउने कम्पनीको दाबी छ । हालैका घटनाका कारण बिग्रिएका अधिकांश फाइबर काटिएका स्थानहरूको मर्मत कार्य प्राविधिक टोलीले दिनरात मेहनत गरेर पूरा गरिसकेको छ । यस्तो ठूलो र अप्रत्याशित समस्याबीच पनि ४८ घण्टाभित्र सेवा सामान्य बनाउन सफल हुनु कम्पनीको प्राविधिक दक्षता र टिमको समर्पणको परिचायक भएको भायानेटले जनाएको छ । यस अनुभवले भविष्यमा सेवा अवरुद्ध हुने जोखिम न्यून बनाउन थप सुरक्षित प्रणाली निर्माण गर्ने प्रेरणा दिएको कम्पनीले स्पष्ट पारेको छ । भायानेटले पछिल्ला दिनमा ग्राहकले देखाएको धैर्य, बुझाइ र विश्वासप्रति आभार व्यक्त गर्दै, विश्वसनीय र गुणस्तरीय सेवा दिन निरन्तर प्रतिबद्ध रहने जनाएको छ ।

**-हाम्रा कुरा डटकम**

# चोरिएको ७१ लाख रूपैयाँ बराबरको रिचार्ज कार्ड फिर्ता गर्न टेलिकमको आग्रह




भदौ २३-२४ गतेको प्रदर्शन क्रममा चोरिएका ७० हजार दुई सय वटा कार्ड फिर्ता गर्न नेपाल टेलिकमले आग्रह गरेको छ । नेपाल टलिकमको प्रादेशिक निर्देशनालय पोखरा महेन्द्र पुलको भवनमा तोडफोड हुँदा यी कार्ड चोरिएको टेलिकमले उल्लेख गरेको छ ।

टेलिकमका अनुसार एक सय रूपैयाँका ७० हजार वटा रिचार्ज कार्ड र पाँच सय रूपैयाँका दुई सय वटा रिचार्ज कार्ड चोरी भएको हो । यी कार्डबाट कुल ७१ लाख रूपैयाँ बराबरको रिचार्ज गर्न सकिन्छ ।

टेलिकमले यी कार्डको सिरियल नम्बर समेत प्रकाशन गरेको छ । यी सिरियल नम्बरका कार्ड बिक्री वितरण नगर्न तथा प्रयोग नगर्न समेत टेलिकमले सूचित गरेको छ । यी कार्डबाट रिचार्ज गर्ने प्रयास गरिए पनि रिचार्ज नहुने भएकाले सर्वसाधारण ठगिन सकिने भन्दै सूचना जारी गरिएको टलिकमका प्रवक्ता हरि ढकालले बताए । उनले भने, 'यस्ता कार्ड टेलिकमबाट बिक्रेताले पाएपछि मात्रै प्रणालीबाट रिचार्ज हुने व्यवस्था रहेकाले यसरी चोरी भएको कार्ड सोझै रिचार्ज हुँदैन । त्यसैले सर्वसाधारणहरू फस्न सक्छन् भनेर सूचना दिएका हौं ।'

**-सेतोपाटी डटकम**

# ओरेकलका संस्थापक एलिसन बने विश्वकै धनी व्यक्ति



अमेरिकाको सूचना प्रविधि कम्पनी ओरेकलका सह-संस्थापक ल्यारी एलिसन विश्वको सबैभन्दा धनी व्यक्ति बन्न सफल भएका छन् । स्पेस एक्स तथा टेस्लाका मालिक एलन मस्कलाई पछि पार्दै बुधबार बिहान एलिसन विश्वका अर्बपतिको सूचीमा पहिलो नम्बरमा उक्लिएका हुन् ।

ब्लूम्बर्ग बिलेनिर्स इन्डेक्सका अनुसार बुधबार बिहान एलिसनको कूल सम्पत्ति बढेर ३ खर्ब ९३ अर्ब डलर पुग्यो । जबकि मस्कको सम्पत्ति चाहीँ ३ खर्ब ८५ अर्ब थियो । डेटाबेस सूटवेयर कम्पनी ओरेकल क्लाउड पूर्वाधार व्यवसाय र आर्टिफिसियल इन्टेलिजेन्सको व्यवसायिक सफलतासँगै कम्पनीको शेयरमा ४० प्रतिशत भन्दा धेरैले वृद्धि देखिएसँगै एलिसनको सम्पत्ति किर्तिमानी विन्दुमा पुगेको हो। स्मरण रहोस् एलिसनको कूल सम्पत्तिमा ओरेकलको शेयरको अधिकांस हिस्सा रहेको छ । तर बुधबार दिनको अन्त्यसम्ममा एलिसनले पाएको सबैभन्दा धनी मान्छेको ताज टिक्न सकेन । कम्पनीको शेयरमा केही गिरावटसँगै उनको कूल सम्पत्ति समेत घट्यो र उनी पुन: एलन मस्कभन्दा तल झरे । ओरेकल कम्पनीको शेयर मूल्यमा उल्लेख्य वृद्धि भईरहेको बेला मस्कको प्रमुख कम्पनी टेस्लाको शेयरमूल्यमा चाहीँ यो वर्षको सुरुदेखि नै गिरावट आइरहेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको यसअघिको निकटता र राजनीतिक संलग्नताका कारण आम उपभोक्ता तथा लगानीकर्तामा परेको नकारात्मक असरका साथै पछिल्लो समयमा ट्रम्पसँग बढेको तिक्ततासँगै विद्युतीय गाडी प्रवर्द्धनको अभियानबाट अमेरिकी सरकार पछि हटेसँगै टेस्लालाई गम्भीर प्रभाव परेको छ । उता डेटा सेन्टर पूर्वाधारको मागमा तिव्र वृद्धि भईरहेका कारण ओरेकलको व्यवसाय चम्किएको छ । मंगलबार कम्पनीले सार्वजनिक गरेको चौमासिक वित्तीय रिपोर्ट अनुसार यो वर्ष कम्पनीको क्लाउड व्यवसायमा ७७ प्रतिशतले वृद्धि भई १८ अर्ब डलर पुग्नेछ ।

आगामी वर्षहरुमा यो झनै बढ्ने अनुमान गरिएको छ । कम्पनीका अनुसार एआई कम्पनीहरुबाट उसका डेटा सेन्टरहरुको मागमा तिव्र वृद्धि भईरहेको हुँदा कम्पनीको शेयर मूल्य नाटकीय रुपमा उकालो लागिरहेको छ । कम्पनीले पछिल्लो चौमासिकमा डेटा सेन्टर पूर्वाधारको क्षेत्रमा विभिन्न कम्पनीहरुसँग अर्बौं डलरको करार गरिसकेको छ । हाल ८१ वर्ष उमेरका एलिसनले सन् १९७७ मा ओरेकल कम्पनीको स्थापना गरेका थिए। उनी सन् १९९० को दशकमा चर्चामा आए । डेटाबेस कम्पनीको मालिकका रुपमा गरेको आम्दानीका कारण आलिशान जिन्दगी जिउने टेक टाइकूनको रुपमा उनको चर्चा भयो । उनी सन् २०१४ सम्म सो कम्पनीको प्रमुख कार्यकारी रहे र अहिले चाहीँ कम्पनीको अध्यक्ष र प्रमुख प्राविधिक अधिकृतको रुपमा रहेका छन् । एलिसनको परिचय यत्तिमा मात्र सिमित छैन । उनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट मित्र हुन् । गत जनवरीमा ट्रम्प राष्ट्रपतिको रुपमा दोश्रोपटक ह्वाइटहाउस फर्किंदा ओपन एआईका साम अल्टम्यान र सूटबैंकका मासेओशी सनसँगै एलिसन पनि देखिएका थिए र उनीहरुकै उपस्थितिमा स्टारगेट परियोजनाको घोषणा भएको थियो । सो परियोजना अमेरिकामा एआई पूर्वाधार निर्माणका लागि रहेको छ ।

उता अमेरिकी सरकारले देशमा चिनियाँ एप टिकटक बिक्री गर्नका लागि अल्टिमेटम पाईरहेको बेला ओरेकल कम्पनी पनि सम्भावित क्रेताको रुपमा देखिएको छ । गत जनवरीमा ट्रम्प स्वयंमले पनि ल्यारी एलिसनले नै टिकटक खरीद गरुन् भन्ने आफ्नो चाहना रहेको बताएका थिए ।

**-अनलाइन खबर डटकम**

# अल्बानियामा एआई 'मन्त्री', दिइयो यस्तो जिम्मेवारी



अल्बानिया एआई 'मन्त्री' नियुक्त गर्ने विश्वको पहिलो देश बनेको छ । यो कुनै मानिस नभई पिक्सेल र कोडबाट निर्मित एक भर्चुअल मन्त्री हो, जसले पूर्ण रूपमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)अनुसार काम गर्छ । यसको नाम डिएला राखिएको छ ।

प्रधानमन्त्री एडी रामाले हालै चौथोपटक चुनाव जितेको केही महिनापछि डिएलालाई आफ्नो मन्त्रिपरिषद्मा समावेश गरेका छन् । डिएलालाई सरकारी लगानीका परियोजना र सार्वजनिक टेन्डरमा हुने भ्रष्टाचार रोक्ने जिम्मेवारी दिइएको छ । तर, विपक्षी दलले आलोचना गर्दै यो 'पब्लिसिटी स्टन्ट' र संविधानविपरीत भएको जनाएको छ । अल्बानियाली भाषामा डिएलाको अर्थ 'घाम' वा 'सूर्य' हुन्छ । डिएलाले यसअघि पनि अल्बानियामा काम गरिसकेकी छन् । उनी एआई प्रविधिमा आधारित भर्चुअल सहायक थिइन्, जसले नागरिकलाई सरकारी कागजात प्राप्त गर्न मद्दत गर्थिन् । यसरी अल्बानियाली नागरिक पहिले नै डिएलासँग परिचित छन् । डिएलाले 'इ-अल्बानिया' प्लेटफर्ममा १० लाखभन्दा बढी मानिसलाई सहयोग गरिसकेकी प्रधानमन्त्री रामाको दाबी छ । तर, अब उनको उद्देश्य डिएलालाई एउटा साधारण च्याटबोटबट अगाडि बढाएर सरकारी कामको महत्त्वपूर्ण हिस्सा बनाउनु रहेको छ । ठूला विकसित अर्थतन्त्र अझै पनि पुराना तरिकामा अड्किएका छन् । तर, अल्बानियाले यो पहलबाट ठूलो फड्को मार्न सक्ने रामा बताउँछन् । रामाले आफ्नो उद्देश्य अल्बानियालाई पूर्ण रूपमा भ्रष्टाचारमुक्त देश बनाउनु रहेको बताएका छन् । एआई मन्त्री बनाउनु एक प्रतीकात्मक कदम मानिएको छ । किनभने, अल्बानियाको संविधानानुसार मन्त्री बन्नका निम्ति मानिस वयस्क र सक्षम हुन आवश्यक छ । तर, मानिसको सट्टा एआईलाई छनोट गर्नुका धेरै फाइदा रहेको जनाइएको छ । डिएलाले न कहिल्यै सरकारी रहस्य बाहिर ल्याउनेछ न त भ्रष्टाचार वा खर्च घोटालामा फस्नेछ । यसलाई केवल बिजुली भए पुग्छ । गएको जुनमा प्रधानमन्त्री रामाले एक दिन अल्बानियामा डिजिटल मन्त्री र एआई प्रधानमन्त्री पनि हुन सक्ने बताएका थिए । त्यस बेला धेरै कम मानिसले यो यति छिटो वास्तविकतामा परिणत हुन्छ भन्ने सोचेको जनाइएको छ । डिएलाको नयाँ भूमिकाका विषयमा मिश्रित प्रतिक्रिया छ । विपक्षी डेमोक्रेटिक पार्टीले यसलाई 'हास्यास्पद' र 'असंवैधानिक' भनेको छ । केही मानिसले यसलाई राम्रो पहल मानेका छन् । वित्तीय सेवा कम्पनी बाल्कन क्यापिटलका संस्थापक अनिरा बज्रकतारी बिजाले प्रधानमन्त्री रामा प्राय: सुधारलाई नाटकीयताका साथ प्रस्तुत गर्ने भएकाले मानिसले यसलाई एउटा स्टन्ट मान्न सक्ने बताएका छन् । तर, यसलाई साँच्चै पारदर्शिता बढाउने र विश्वास कायम गर्ने प्रणालीमा बदल्न सकिएमा यो उपयोगी साबित हुन सक्ने बताइएको छ । भ्रष्टाचारविरोधी विज्ञ पनि एआईबाट फाइदा हुन सक्नेमा सहमत छन् । किंग्स कलेज लन्डनका डा. एन्डी होक्सहाजका अनुसार, एआईलाई सही तरिकाले प्रोग्राम गरिए यसले कम्पनीका दाबी पूरा गरिए वा छैनन् भन्ने सजिलै बताउन सक्छ । अल्बानिया भ्रष्टाचारसित लड्नुको मुख्य कारण ऊ युरोपेली संघमा सामेल हुने प्रक्रियामा छ । र, भ्रष्टाचार घटाउनुपर्ने सबैभन्दा महत्त्वपूर्ण सर्त छ । सन् २०२४ को भ्रष्टाचार सूचकांकमा अल्बानिया १८० देशमध्ये ८०औं स्थानमा थियो । अल्बानिया लामो समयदेखि भ्रष्टाचारको समस्यासँग जुधिरहेको छ । युरोपेली संघका धेरै प्रतिवेदनमा अल्बानियामा भ्रष्टाचार तल्लो तहमा मात्र नभई उच्च तहसम्म फैलिएको उल्लेख छ, जसमा राजनीतिज्ञ, मन्त्री र ठूला अधिकारी पनि संलग्न छन् । अल्बानियालाई ईयूको सदस्य बन्न उसले सन् २०३० सम्ममा भ्रष्टाचार अन्त्य गर्न र न्यायपालिकालाई सुदृढ पार्न तत्काल र ठोस कदम चाल्नुपर्नेमा जोड दिइएको छ ।

आफू सुधारका निम्ति गम्भीर रहेको अन्तर्राष्ट्रियस्तरमा देखाउन प्रधानमन्त्री रामा सरकारले एआईजस्ता नयाँ प्रयोग गरिरहेको जनाइएको छ । उनले सन् २०२५ मेमा ऐतिहासिक चौथोपटक जनादेश प्राप्त गरेका थिए । तसपछि उनले अल्बानियालाई २०३० सम्ममा युरोपेली संघको हिस्सा बनाउने वाचा गरेका थिए ।

**-बाह्रखरी डटकम**

# आज विश्व ओजन तह बचाउ दिवस

**पाल्पा,** भदौ ३०/आज विश्व ओजन तह बचाउ दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । हरेक वर्षको सेप्टेम्बर १६ तारिखमा यो दिवस मनाउने गरिन्छ । विश्वव्यापी समस्याका रुपमा रहेको जलवायु परिवर्तनलाई मध्यनजर गर्दै सन् १९९५ बाट संयुक्त राष्ट्रसंघले विश्व ओजन तह बचाउ दिवस मनाउन थालेको हो ।

संयुक्त राष्ट्रसंघको आमसभाले ओजन तहसम्बन्धी जनमानसमा जनचेतना बढाउने मूख्य उद्देश्यले यो दिवस विश्वभर नै मनाउने घोषणापत्र पारित गरेको थियो । ओजन भनेको अक्सिजनको तीनवटा एटम मिलेर बनेको एउटा मोलेक्युल हो । यसले सूर्यबाट निस्केको हानिकारक परावैजनी किरणलाई सोस्ने र फिल्टरको काम गर्ने गर्छ । यसको खतरनाक किरणले गर्दा मानिस, जनावरको स्वास्थ्यमा पर्ने प्रतिकुल असर त छदैछ वातावरणमा समेत नकरात्मक प्रभाव पर्छ ।

मानिसमा मुटुको रोग, श्वासप्रश्वास सम्बन्धी रोग, छालाको क्यान्सर, आँखाको रोग लाग्नुका साथै वातावरणमा साना-साना रूखबिरुवाको विकासमा नकारात्मक असर, जैविक विविधता संरक्षणमा असर तथा जलमा पाइने प्राणी (माछा) माथि पर्न जाने असर हुन् । यसले पृथ्वीको तापक्रममा नाटकीय तवरले वृद्धि भई जलवायु परिवर्तनमा महत्वपूर्ण भुमिका खेल्ने गर्छ । पृथ्वीलाई ढाकेको ओजन तह पातलीदै जाँदा तापक्रममा वृद्धि भई विभिन्न समस्याहरु निम्तिन थालेपछि विश्वभर ओजन तह दिवस मनाउन थालिएको हो । ओजन तहका बारेमा फ्रान्सको दुई जना भौतिक शास्त्रका वैज्ञानिक चार्ल्स र हेनरीले पत्ता लगाएका थिए ।




प्राकृतिक रूपमा रहेको उक्त ओजोन ग्यासको तह विकसित मुलुकहरूमा अत्याधिक प्रयोग हुने रेफ्रिजेरेटर, एयरकन्डिसनबाट निस्कने क्लोरोफ्लोरो कार्बन, हाइड्रोक्लोरोफ्लोरो कार्बन, वातावरणीय प्रदुषण, वन विनाश, अवैज्ञानिक खेती प्रणाली, उद्योग कलकारखानाको विकास आदि कारणले क्षयीकरण हुँदै गयो । ओजन तहलाई घटाउने उत्पादनहरूलाई रोक्न विश्वभरका देशहरू सन् १९८७ मा मोनट्रियल प्रोटोकलमार्फत सहमत भएका छन् । पछिल्लो अध्ययन-प्रतिवेदनअनुसार सहमत भएका सूचिहरूमध्ये ९५ प्रतिशत ओजन घटाउने पदार्थहरूको उपभोगमा कमी आएको देखिन्छ । यस गतिलाई कायम राख्ने हो भने सन् २०५० देखि २०७५ सम्म ओजन तह पुर्नस्थापित हुने अनुमान गरिएको छ । जनसंख्या वृद्धि, वन विनास, बढ्दो शहरीकरण र औद्योगिकरणका कारण ओजन तह पातलिदै गएको वातावरणविदको भनाइ छ । सूर्यका विभिन्न किरणहरुलाई छानेर मात्र पृथ्वीमा आउन दिने तत्व ओजन तह भएकाले यो पातलिदै जादा हानीकारक किरणहरु पृथ्वीमा प्रवेश गर्ने वातावरणविदहरुको दाबी छ ।

## खेलकुद समाचार

### टी-२० विश्वकपको ग्लोबल छनोट टोलीको लाग्यो टुङ्गो

**काठमाडौं,** भदौ ३०/आगामी वर्ष नेपालमा हुने आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोटका लागि सहभागी हुने सबै टोलीको टुङ्गो लागेको छ । सोमबार सम्पन्न ईस्ट एशिया-प्यासिफिक क्वालिफायर जित्दै पपुवा न्यूगिनीले अन्तिम स्थान सुनिश्चित गरेको हो ।

अब ग्लोबल छनोटमा नेपाल (आयोजक), आयरल्यान्ड, स्कटल्याण्ड, नेदरल्याण्ड्स, थाइल्यान्ड, अमेरिका, जिम्बावे, बंगलादेश, नामिबिया र पपुवा न्यूगिनी गरी १० टोली प्रतिस्पर्धा गर्नेछन् । नेपाल र थाइल्याण्ड एसियाबाट, नेदरल्याण्ड्स र स्कटल्याण्ड यूरोपबाट, जिम्बाबे र नामिबिया अफ्रिका, संयुक्त राज्य अमेरिकाले अमेरिकी क्षेत्रको छनोट पार गरेर ग्लोबल छनोटमा आएका हुन् । बंगलादेश र स्कटल्याण्ड गत संस्करणको विश्वकप खेलेका आधारमा सोझै ग्लोबल छनोटमा प्रवेश गरेका हुन् । ग्लोबल छनोट २०२६ मा इंग्ल्यान्ड र वेल्समा हुने महिला टी-२० विश्वकपका लागि अन्तिम प्रवेशद्वार हुनेछ । नेपालमा यही छनोट खेल सन् २०२६ को जनवरी १२ देखि फेब्रुअरी ५ सम्म आयोजना हुनेछ, जहाँबाट ४ टोली मात्र विश्वकपका लागि छनोट हुनेछन् । महिला टी-२० विश्वकपको खेलतालिका भने सार्वजनिक भइसकेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### सेयर बजार बुधबारदेखि खुल्ने




**पाल्पा,** भदौ ३०/ जेनजी आन्दोलनका कारण एक सातादेखि बन्द रहेको सेयर बजार बुधबारदेखि खुल्ने भएको छ ।

भदौ २३ र २४ गते राजधानी काठमाडौंसहित देशका शहरहरुमा जेनजी प्रदर्शनका नाममा भएको विध्वंशपछि २४ गते यता बजार बन्द गरिएको थियो । नेपाल धितोपत्र बोर्डसँगको परामर्शपछि नेपाल स्टक एक्स्चेन्जले बुधबारदेखि नै बजार फेरि सञ्चालन गर्ने भएको हो । 'सबै पक्षसँग छलफल र परामर्श गरेपछि बुधबारदेखि बजार खोल्ने निर्णय गरिएको छ' बोर्डका एक उच्च अधिकारीले भने ।

उनका अनुसार यसबारे नेप्सेलाई सूचना पठाउने र नेप्सेले नै सार्वजनिक गर्नेछ । यसअघि असोज २ गतेसम्म कारोबार बन्द गर्ने भनी नेप्सेले सूचना जारी गरे पनि अर्को निर्णय भएसँगै सो खारेज भएको छ । विगतमा पनि भूकम्प तथा कोरोनाका बेला लामो समय बजार बन्द भएको थियो ।

## कार्की नेतृत्वको...

...घिसिङले भारतबाट इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातक गरेका छन् । पुल्चोक क्याम्पसबाट पावर सिस्टम इन्जिनियरिङ र पोखरा विश्व विद्यालयबाट कार्यकारी व्यवसाय प्रशासनमा स्नातकोत्तर गरेका छन् । सोमबार ऊर्जामन्त्रीको पदभार ग्रहण गर्दै घिसिङले विद्युत् प्राधिकरणको वक्यौता बापतको रकम उठाउने पहिलो निर्णय गरेका छन् ।

साथै ऊर्जामन्त्री घिसिङले खादा-माला तथा अबिर केही पनि नलिने घोषणा समेत गरेका छन् । प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा घिसिङलाई ऊर्जा, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

**को हुन् गृहमन्त्री अर्याल ?**

गुल्मीमा जन्मेका ओमप्रकाश अर्याल संवैधानिक कानुन र मानव अधिकार क्षेत्रमा परिचित नाम हो । उनी काठमाडौं महानगरपालिकाको मेयर बालेन शाहका कानुनी सल्लाहकार पनि लामो समय रहे ।

हालैमात्र उनी रुपन्देहीको उपनिर्वाचनमा सक्रिय हुने चाहना राखेर अलग भएका थिए । उनी संवैधानिक कानुन व्यवसायी मञ्चका वर्तमान अध्यक्ष पनि हुन् । २७ पुस २०८० मा उनी यो पदमा निर्वाचित भएका थिए । अर्याल तत्कालीन अख्तियार दुरुपयोग अनुसन्धन आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध खरो भएर मैदानमा उत्रे । ज्यानको जोखिमसमेत राखेका उनले अन्ततः उक्त लडाइँ जितेर देखाएका थिए ।

अर्यालले पदभार ग्रहणलगत्तै जेनजी आन्दोलनमा ज्यान गुमाएका नागरिकको सम्मानमा राष्ट्रिय झण्डा झुकाउने, शोक दिवस मनाउने, मृतकका परिवारलाई काजकिरियाका लागि तत्काल एक लाख रुपैयाँ उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय समेत गरेका छन् । उनलाई गृहसहित कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

## छुट्टाछुट्टै दुर्घटनामा...

...करेन्ट लागेर गम्भीर घाइते भएका उनको किष्ट अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै महोत्तरीको एकडारा गाउँपालिका-२ बस्ने सुधिर पासवानकी छोरी ५ वर्षीया अनुष्का पासवानको करेन्ट लागेर मृत्यु भएको छ ।

आफ्नै घरमा टर्चलाईट चार्ज गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जलेश्वरमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै दाङ, मोरङ र झापामा तीन जना मृत अवस्थामा फेला परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षाका अनुसार दाङको लमही नगरपालिका-४ ठूलोघुम्नाका ५८ वर्षीय ईश्वर चौधरी राजपुर गाउँपालिका-७ हाडबाँसस्थित राप्ती नदीको किनारमा मृत अवस्थामा फेला परेका छन् । यस्तै मोरङको रतुवामाई नगरपालिका-३ चौकीघाटस्थित रतुवा खोलामा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरूष मृत अवस्थामा फेला परेका छन् ।

यस्तै झापाको कचनकवल गाउँपालिका-५ पाठामारी स्थित मेची खोलामा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरूष मृत अवस्थामा फेला परेका छन् । सबै घटनाको विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिनिस अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै ललितपुर र महोत्तरीमा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ । ललितपुर महानगरपालिका-२८ हरिसिद्धि सेराफाँटस्थित निर्माणाधीन घरमा पानी तान्ने विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर सोही ठाउँ बस्ने सुनसरी घर भएका ४५ वर्षीय उपेन्द्र परियारको मृत्यु भएको हो ।

## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई